# सम्मरीमाई गाउँपालिका
SAMMARIMAI RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
फरेना,रुपन्देही
FARENA, RUPANDEHI
लुम्बिनी, प्रदेश नेपाल
Lumbini, Province Nepal


प.स./Ref No२०८२/०८३
च.न ./DispatchNo.

दोस्रो पटक प्रकाशित सूचना मिति:२०८३/०१/१७

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास निरन्तरता कार्यक्रम सम्बन्धी

सूचना! सूचना!! सूचना!!!

सम्मरीमाई गाउँपालिका,कृषि विकास शाखा रुपन्देही आ.व ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (संघीय सरकार) मार्फत प्राप्त राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तु अन्तर्गत तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र निरन्तरता पकेट विकास कार्यक्रम निरन्तरता कार्यक्रम रहेकोले आ.व ०८१/०८२ मा संचालित श्री विन्दवासिनी कृषक सहकारि संस्था,सम्मरीमाई गाउँपालिका,वडा न.०६ मा रहेको संस्था/समूहले सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को पहिलो संशोधन २०८१ बमोजिमको आधारभूत तथ्यांक फारम भरि तपसिल अनुसारका कागजात सहित गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- तोकिएको ढांचामा आधारभूत तथ्यांक फारम अनुसारको विवरण फारम पेश गर्नु पर्ने,
- कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि कम्पनीको नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि,
- कार्यक्रममा सहभागीहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,
-निरन्तरता पकेट माग सम्बन्धी संस्थागत निर्णयको प्रतिलिपी (पदाधिकारी तथा सदस्यहरुको समेत उपस्थिति अनिवार्य),
- संस्थाको PAN प्रमाण पत्रको प्रतिलिपी,संस्थाको कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी,
-निरन्तरता पकेट कार्यक्रम माग गर्ने सम्बन्धी सम्बन्धीत वडा कार्यालयको सिफारिस लगायत अन्य आवश्यक कागजातहरु ।

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

(नोट:माथि उल्लेखित आवश्यक कागजातहरु पेश भए पश्चात प्राविधिक समितिको स्थलगत अनुगमन पश्चात सम्झौता गरिनेछ)

**बोधार्थ:**

श्री सूचना प्रबिधि शाखा( सम्बन्धित वडा कार्यालयमा इमेल तथा गाउँपालिकाको वेबसाइटमा अपलोड गरिदिनुहुन) ।


Email:-sammarimairm@gmail.com
ito.sammarimai@gmail.com
Website:-sammarimaimun.gov.np
Office Phone No:-9779857016956